# कालिञ्चोक गाउँपालिकाको निति तथा कार्यक्रम,

## आ.व. २०७५/७६

कालिञ्चोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
कालिञ्चोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
**३ नं. प्रदेश**
**सुनखानी, दोलखा**

# कालिञ्चोक गाउँपालिकाको ऐतिहासिक तेस्रो गाउँसभा

## २०७५ आषाढ १० मा

## सुनखानी, दोलखा

## प्रस्तुत

## नीति तथा कार्यक्रम

गाउँपालिकाका अध्यक्ष एवम् गाउँसभाका सभाध्यक्ष महोदय,

### पृष्ठभूमी

नेपाल र नेपाली जनताले लामो समयसम्म राणाकाल, पञ्चायतकाल लगायत विभिन्न संकटपूर्ण कालखण्ड पार गर्दै २०४७ सालमा प्रजातन्त्र, २०६२/२०६३ को जनताको ऐतिहासिक आन्दोलनबाट नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भयो र नेपाली जनताले लामो समयदेखि प्रतिक्षा गरेको आफ्नो हातले लेखेको संविधान निर्माण गरी संघियता लागू गरेका छन् । सोही संघियता अनुरुप हाल नेपालमा तीन तहको सरकार विद्यमान रहेको छ । जस अन्तरगत केन्द्रिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले नेपालको संविधान २०७२ लागू भई जस अनुरुप काम गरिरहेका छौं, अझ भनौं संविधान कार्यान्वयन भैरहेको छ । यो अवस्थामा आइपुग्न धेरै नेपाली आमाका सपुतहरुले आफ्नो प्राण आहुती गरी मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ, सो क्रममा ज्यान अपर्ण गर्नुहुने ज्ञात अज्ञात शहिदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । सोही क्रममा घाइते भइ अझै अस्पताल र घरमा उपचार गरी स्वास्थ्य लाभ गरिरहनु हुने सम्पूर्ण घाइते जन प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै वर्तमान लोककल्याणकारी जनताको सरकारले घाइतेजनको उपचारमा यथेष्ठ बजेट विनियोजन गरि आवश्यक सहयोग गर्नु हुन र शहिद परिवारलाई सम्मानित ढंगले जीवनयापन गर्ने व्यवस्था सृजना गरिदिनुहुन हार्दिक अनुरोध गर्न चाहन्छु ।

नेपालको अत्यन्तै सुन्दर जिल्ला दोलखा र देशको धार्मिक, पर्यटन र विविध संस्कृतिले भरिपूर्ण र चर्चित जिल्लाको रुपमा मानिन्छ । जिल्ला भित्र रहेका २ वटा नगरपालिका र ७ वटा गाउँपालिका मध्ये धार्मिक, पर्यटन र विविध साँस्कृतिक, भाषाभाषी रुपले भरिपूर्ण र चर्चित गाउँपालिकाको रुपमा परिचित गाउँपालिका हाम्रो कालिञ्चोक गाउँपालिका हो । यसका साथै भौगोलिक र जातिगत रुपमा बिशिष्टता र विविधता बोकेको गाउँपालिका हो । यस गाउँपालिकाको मिति २०७४ असार २८ गते सम्पन्न प्रथम गाउँ सभाबाट स्विकृत भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्दै आएको कुरा यहाँहरुलाई अवगत नै छ ।

सभाध्यक्ष ज्यू

मुलुक यतिवेला ऐतिहासिक मोडबाट प्रगतिशील गतिमा अगाडि बढिरहेको छ । २०७४ सालले हामी नेपालीहरुलाई एक युगको अलौकिक वर्षको रुपमा प्रमाणित गरिदियो किनकी यही वर्ष हामीले तीनवटा निर्वाचनमा भाग लियौं र २० वर्ष सम्म स्थानीय सरकार विहिन हामीहरुले आफ्नै मझेरी हाम्रै आँखाका अगाडि सरकारको महसुस गर्न पाएका छौं । यो ऐतिहासिक अवस्थालाई जिम्मेवार ढंगले पुरा गर्ने सुअवसर हाम्रो सामु स्थानीय सरकारको रुपमा हामीले पाएका छौं ।

संघियताका त्रिकोणात्मक सम्वन्धहरु राजनितिक, वित्तिय र प्रशासनिक क्षेत्र अन्तर्गत स्थानीय सरकारको जिम्मेवारी समन्वयात्मक ढंगले कार्यान्वयन गर्न पाएकोमा हामी गौरवान्वित छौं । नेपालको संविधानको मुल मर्म समन्वय, सहकार्य र सह अस्तित्वको भावना अनुरुप देशको स्थानीय क्षेत्रको विकास तिव्रतर गतिमा भईरहेको छ । सोही गतिलाई कालिञ्चोक गाउँपालिकाले पनि पछ्याउँदै अगाडी बढिरहेको छ । यद्यपि, समयमै प्रशासनिक संघियता अन्तर्गतका कर्मचारीहरु नखटिंदा विकास क्रियाकलापले जुन गति लिनु पर्ने हो , सो अनुसारको उपलब्धि हासिल गर्न सकिएन । समयमै दक्ष जनशक्तिको उपलब्धता, अनुकुल मौसम, कार्यालय व्यवस्थापन गर्न सकिएको भए वाञ्छित उपलब्धि हासिल हुने कुरा नकार्न सकिदैन थियो । योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि प्रतिवद्ध राजनितिक इच्छा शक्ति, दक्ष एवम् व्यवसायिक जनशक्ति, अनुकुल मौसम र कार्यालय वातावरण सहित जनताको सहकार्य, समन्वय र सहभागिता निर्माण गरी स्वच्छ परिचालन हुन आवश्यक छ । आगामी आर्थिक वर्षका लागि प्रक्षेपण गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कुरामा हामी दृढ एवम् प्रतिवद्ध छौं । यसको कार्यान्वयनबाट यस पालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, मानविय, राजनितिक एवम् भौगोलिक विकास भई जनताले परिवर्तनको महसुश गर्न सक्ने अवस्था श्रृजना हुनेछ भन्ने अपेक्षा राखेका छौं ।

सभाध्यक्ष ज्यू,

यस कार्यका लागि संघिय सरकार तथा प्रदेश सरकारले यस गाउँपालिकालाई आर्थिक वर्ष ०७५/७६ का लागि विनियोजित सशर्त अनुदान तथा वित्तिय समानिकरण र राजस्व बाँडफाँडका रकमहरुलाई गाउँपीलकाको आवश्यकता तथा परिवर्तित समयको माग अनुसार बजेट बिनियोजित गरेका छौं । यस आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.शिक्षा सम्वन्धि नीति तथा कार्यक्रम

- सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई अघि बढाई आगामी वर्षमा नै विद्यालयमा जाने सबै बालबालिकालाई भर्ना गराइनेछ । माध्यमिक तहको शिक्षालाई क्रमश: नि:शुल्क ,अनिवार्य, र गुणस्तरिय शिक्षा प्रदान गरिनेछ । आगामी २ वर्षमा गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- सम्पूर्ण बालबालिकालाई **विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं** अभियानलाई पूर्ण कार्यान्वयनमा लगिनेछ । कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा उपलब्ध गराइनेछ । यस गाउँपालिकाका सम्भावित वडाहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्दै लगिनेछ । आगामी आ.व मा लापिलाङ उमाविलाई बाली विज्ञान प्राविधिक शिक्षालयको रुपमा विकास गरिनेछ ।
- सूचना प्रविधि मैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्न बाँकी रहेका आधारभुत तहका विद्यालयहरुमा इन्टरनेट सेवाको व्यवस्था साथै इ-लाइब्रेरी स्थापना गरिनेछ ।
- गाउँपालिकामा भएका सिकाई केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । नभएका वडाहरुमा सिकाई केन्द्रहरु स्थापना गरिदैं लगिनेछ ।

- प्रत्येक विद्यालयमा मल्टिमेडिया र स्मार्ट टिभी मार्फत पठनपाठनको व्यवस्था गरिनेछ ।
- आवश्यकता अनुसार विद्यालय मर्ज र स्थापना गरिनेछ । मर्जरमा गएका र विद्यार्थी संख्या बढी भएका विद्यालयलाई गुणस्तरियताका लागि थप अनुदानको व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिका भित्र  विद्यालयका कक्षा कोठा व्यवस्थापनका लागि भुकम्प प्रतिरोधी, अपांग मैत्री, बालमैत्री भवन निर्माण, खेल मैदान, शौचालय र घेराबार निर्माण तथा मर्मत गरिदै लगिनेछ ।
- आधुनिक किसिमको कक्षाकोठा व्यवस्थापनालाई प्राथमिकता दिइनेछ । हिलेपानी संस्कृत विद्यालयबाट एक विषयको संस्कृत भाषा अध्ययनका लागि थप अनुदानको व्यवस्था गरिनेछ साथै मातृभाषाको जगेर्ना गर्दै बहुभाषिक निति अवलम्बन गरिनेछ ।
- अंग्रेजी माध्यमबाट पठनपाठन भइरहेको विद्यालयमा स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।
- प्रत्येक आधारधुत र माध्यमिक विद्यालयमा स्काउट ट्रुफ र उच्च माध्यमिक विद्यालयमा रोबर रेञ्जर र क्रयु ( CREW) अनिवार्य रुपमा सञ्चालन गरिनेछ । गाउँपालिकामा स्काउटको क्षेत्रिय तालिम केन्द्र स्थापना गरिनेछ ।
- बढ्दै गएको आधुनिकिकरण, विश्वव्यापीकरणका लागि कम्प्युटर शिक्षालाई प्रत्येक वडामा व्यवस्थापन गर्दै लगिने छ ।

## २. आवास, भवन र पूर्वाधार सम्वन्धि नीति तथा कार्यक्रम

### आम्दानीमुलक रोजगारीको आधार, सवल र सक्षम विकास सहितको पूर्वाधार

- समृद्ध गाउँपालिका निर्माणका लागि ५ वर्षे आवधिक योजना बनाई कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक रणनिति तथा कार्यनिति समेत निर्माण गरिनेछ ।
- वृद्ध सिकाइ हस्तान्तरण केन्द्र (भवन) लाई बाँकी वडामा निरन्तरता दिइनेछ ।
- आगामी ४ वर्षभित्र प्रत्येक टोलटोलमा सडक सञ्जालीकरणको विस्तारको साथै नियमित यातायात सेवा सुचारु गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ  ।
- सार्वजनिक स्थानहरुमा खानेपानी, प्रतिक्षालय निर्माण गरिनेछ ।
- नयाँ खोलिएका ट्याक सडकहरुको स्तरोन्नती गरिनेछ ।
- निर्माण भै सकेका वडा कार्यालयहरुलाई व्यवस्थापन गर्दै जाने र आफ्नो भवन नभएका वडा कार्यालयहरुको लागि सुविधा सम्पन्न कार्यालय भवन निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाको वडा नं. ५ मा रहेको आयुर्वेद औषाधलयको भवन व्यवस्थापन गरिनेछ ।
- सामुदायिक पूर्वाधार विकासका विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## ३.कृषि सम्वन्धि नीति तथा कार्यक्रम

### कालिञ्चोकको जमिन कतै रहनेछैन खाली, जताततै नगदे बाली नै बाली

- कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्तय र खाद्य सुरक्षाको आधारको रुपमा विकास गर्दै लगिनेछ । ५ वर्षमा कृषिको उत्पादनलाई दोव्वर बनाउदै व्यवसायिकरण, यान्त्रीकरण प्रभावित रुपमा सञ्चालन गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- चिया, कफी, अलैंची, जुनार, सुन्तला, आलु, केरा तथा कागतीको उन्नत बीउ र विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उपजहरुको निर्यात बृद्धि गर्न संकलन केन्द्रको स्थापना गरी निर्यात गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ
- कृषि उपजहरुको अर्गानिक खेती गर्ने कृषकहरुलाई थप अनुदानको व्यवस्था मिलाइनेछ । युवाहरुलाई अर्गानिक खेती र कृषि खेतीमा आकर्षित गरिनेछ ।
- कृषि उत्पादनलाई चाहिने मल, विषादी, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु प्रभावकारी रुपमा कृषि सेवा केन्द्र मार्फत उपलब्ध गराइनेछ ।
- गाउँपालिका स्तरिय कृषि उत्पादन प्रतियोगिता/ महोत्सव सञ्चालन गरिनेछ ।
- पकेट क्षेत्रको विकासको निरन्तरता दिदैं सो को लागि माटोको परिक्षण शिविर सञ्चालन गरिनेछ ।
- अर्गानिक मल उत्पादन गरी बिक्रि गर्ने किसानलाई प्रोत्साहित गरिनेछ ।
- औस्याह किराले अमिलो जातको फलफुल उत्पादनलाई असर पुऱ्याएको हुँदा उक्त फलफुलको पकेट क्षेत्रमा जाली वितरण गरी किरा नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय विउविजनलाई संरक्षण गर्दै आधुनिक विऊ विजनको वितरणको व्यवस्था मिलाइनेछ ।
- एक पकेट क्षेत्र एक उत्पादनलाई प्रवर्धन गर्न यस पालिकाको वडा नं. ३, ४, ७ को तल्लो भेगमा केरा पकेट क्षेत्र घोषणा गरि व्यवसायि र कृषिको विस्तार गरिनेछ ।
- चिया पकेट क्षेत्रको प्रतिवेदन हेरी विस्तार गरिनेछ । कफी व्यवसायलाई पनि प्रवर्धन गर्दै लगिनेछ ।
- एक टोल एक आधुनिक कृषि औजारको लागि ६० प्रतिशत अनुदानमा औजार वितरण गरिने कार्यक्रम संचालन गरिनेछ ।

...मार थामी

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला

- तरकारी खेती, मत्स्यपालन, मौरीपालन तथा च्याउ खेतीमा युवाहरुलाई आकर्षित गर्न कृषि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै रेन्वो ट्राउट माछा पालनमा समेत आकर्षित गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- व्यवसायिक कृषकहरुको पहिचानको लागि कृषक परिचय पत्रको व्यवस्था गरिनेछ । कृषिको पुनर्निर्माणको लागि कृषि प्रोत्साहन कोषको व्यवस्था गरिनेछ ।
- उत्पादन जोखिम सम्बोधन गर्न कृषि विमा कार्यक्रम गरिनेछ । कृषि, पशुपन्छी तथा मत्स्यपालनको विमामा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिने प्रयोजनका लागि आवश्यक रकम विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहमा घुम्ती प्रयोगशाला मार्फत स्थलगत माटो परिक्षण र माटोको गुणस्तर परिक्षण पत्र वितरणको व्यवस्था गरिनेछ ।
- मौसमी तथा बेमौसमी कृषि उत्पादनका लागि थप अनुदानको व्यवस्था गरिनेछ ।
- उत्पादनको लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- तिते फापर, मिठे फापर, वाँ, जौ जस्ता पुराना विउविजनको संरक्षण र विकासका लागि कृषकहरुलाई प्रोत्साहित गर्न विउविजनको वितरण गरिनेछ ।
- प्रत्येक वडामा एक नर्सरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ४. स्वास्थ्य:सम्वन्धि नीति तथा कार्यक्रम

- वडा नं. १ मा गाउँपालिका स्तरीय जडीबुटी तथा आयुर्वेद हव स्थापना गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुनेगरी प्रभावकारी रुपमा सेवा उपलब्ध गराइनेछ ।
- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।
- आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेही पूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।
- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमश: सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र, सिंगटी हाल, यस गाउँपालिका भित्रका सबै स्वास्थ्य केन्द्रको स्तरोन्नतीका साथ गुणस्तरिय सेवा प्रदान गरिनेछ ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा सचेतना अभिवृद्धि गरी सुत्केरी भेट कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

गौरीशंकर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

- लापिलाङ्ग आयुर्वेद औषधालयको क्षमता विस्तार गरी प्रभावकारी रुपमा सेवा प्रदान गरिनेछ ।
- प्रत्येक वडामा एक स्वास्थ्य केन्द्रको निर्माण गर्दै लगिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुलाई त्रैमासिक रुपमा स्वास्थ्य परिक्षण सेवा घर घरमा गई प्रदान गरिनेछ ।
- चौबिस घण्टे सुत्केरी सेवालाई विश्वसनिय बनाउदै आवश्यक कर्मचारी व्यवस्थालाई निरन्तरता दिइनेछ
- वडा नं. ४, ५ र ७ मा स्वास्थ्य सेवा विस्तार गरिने छ ।
- स्वयम् सेविकाको लागि अक्षयकोषको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा कार्यकर्ता आवश्यकताको आधारमा परिचान गरिने छ ।

## ५.पशु पन्छी सम्वन्धि नीति तथा कार्यक्रम

**पशुजन्य ( दुध, मासु, अण्डा ) उत्पादनमा बृद्धि, आर्थिक उपार्जन सहितको समृद्धि**

- गाउँपालिकालाई ४ वर्ष भित्रमा आत्मनिर्भर बनाउन दुध, मासु, अण्डा विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपन्छी नश्लसुधार, पौष्टिक दाना, आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणको चारै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकिकृत रुपमा सेवा प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कृतिम गर्भाधारण कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत सुधार गरी प्राकृतिक गर्भाधान सेवा विस्तार गरिनेछ ।
- एक गाउँ एक घाँसे बाली स्रोत केन्द्र स्थापना गरिनेछ । सामुदायिक वन, कबुलियति बन, कृषि फार्महरुमा घाँसे बालीको लागि अनुदान प्रदान गरिनेछ ।
- एक वडा एक दुग्ध संकलन केन्द्र स्थापनाका लागि चिलिम ध्याट तथा क्यानहरु वितरण गरिनेछ ।
- गाई, बाखाका लागि स्रोत केन्द्र स्थापनाका लागि बजेट विनियोजन गरिएको छ ।
- पशु बिमा कार्यक्रमलाई प्रभावकारी ढंगले लागू गरिनेछ ।
- चौरी गाई स्रोतकेन्द्र स्थापना, विकास तथा विस्तार गर्न पूर्वाधार गोठ निर्माण सुधार गर्न, चरन खर्क सुधारको लागि अनुदानको व्यवस्था गरिएको छ ।
- चीज उत्पादन केन्द्र स्थापना गरिनेछ ।

कालिञ्चोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चुनखानी, दोलखा जिल्ला

- पशुहरुलाई लाग्ने विभिन्न रोगको परिक्षण, रोकथामका लागि पशु स्वास्थ्य शिविर तथा औषधी वितरण गरिनेछ ।
- दैनिक १० लिटर भन्दा माथि दुध उत्पादन गर्ने किसानलाई प्रति लिटर ३ रुपैयामा प्रदान गर्ने उत्पादनमा अनुदानको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- एक चरनखर्क अनेक किसान पशु व्यवसाय सञ्चालन गरिनेछ ।
- स्थानीय रुपमा पाल्ने लोकल कुखुराको उत्पादनमा प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

## ६.पर्यटन सम्वन्धि नीति तथा कार्यक्रम

- पोखरे चउरलाई रंगशाला तथा पिकनिक पार्क निर्माणको लागि अगाडि बढाईने छ ।
- कालिञ्चोक पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ । साथै गाउँपालिकालाई पर्यटन हवको रुपमा विस्तार गरिनेछ ।
- सिंगटी – नागदह सम्म ऱ्याफ्टिङ सेवा सम्भाव्यता अध्ययन गर्न सकिनेछ ।
- सुन्द्रावती भगवती मन्दिरलाई थप आकर्षक बनाउनलाई गुरुयोजना बनाइनेछ र केवुलकार संचालन गर्न अध्ययन गरिनेछ ।
- कालिञ्चोक-७ मा आकर्षक भुकम्पको स्मारक निर्माणको लागि बजेट विनियोजन गरिनेछ ।
- कुरी बजार, घ्याङडाँडा, टुटुवान क्षेत्रको बजार व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।
- थामी संग्रहालय व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- वडा नं. ५, ८ र ९ मा होमस्टेको अध्ययन गरी विस्तार गरिनेछ । साथै वडा नं. १ को होम स्टेलाई विस्तार गरिनेछ ।
- कालिञ्चोक गा.पा.मा रहेको ऐतिहासिक चौघरालाई संरक्षण र संवर्द्धन गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका क्षेत्रमा रहेको मठ मन्दिरलाई व्यवस्थित गर्दै धार्मिक पर्यटक स्थानलाई आकर्षण गरिनेछ ।
- कालिञ्चोक क्षेत्रमा सुरक्षा व्यवस्था गरिनेछ ।
- कालिञ्चोक मन्दिर क्षेत्रमा सार्वजनिक शौचालय, प्रतिक्षालय, पार्किङ, खानेपानी, सूचना केन्द्रको स्थापना गरिनेछ ।
- थामी सस्कृति पार्क वडा नं. २ गैरी मचौटिमा निर्माणको लागि व्यवस्था गरिनेछ ।

## ७. खानेपानी सम्वन्धि नीति तथा कार्यक्रम

### घरघरमा धारा, करेसाबारी हराभरा

- तीनवर्षभित्र सबै नागरिकलाई स्वच्छ खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चित गर्न आगामी आर्थिक वर्ष अधुरा आयोजनाहरु यथाशिघ्र सम्पन्न गरिनेछ । एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई २०७६ सम्ममा सम्पन्न गरिनेछ ।
- स्याउली बजार लगायतका स्थानमा निर्मित सार्वजनिक शौचालयमा सफा पानीको व्यवस्था गरिदै लगिनेछ ।
- सुख्खाग्रस्त क्षेत्रमा पानी आपूर्ति गर्न लिफ्टिङ्ग आयोजना सञ्चालन गरिनेछ ।
- खानेपानी ऐन कालिञ्चोक गाउँपालिकाको गाँउ सभाबाट निर्माण भएकोलाई कार्यान्वयन गरिने छ ।

## ८.युवा तथा खेलकुद सम्वन्धि नीति तथा कार्यक्रम

### युवाको गौरव-जवानी पौरख, गाउँपालिकाको सौरभ

- कालिञ्चोक नागरिक समृद्धि कोष स्थापना गरिनेछ । उक्त कोषबाट आर्थिक रुपमा सिमान्तकृत वर्गलाई सहुलियत दरको ऋण उपलब्ध गराइनेछ । ऋण लगानिबाट र युवाहरुलाई उत्पादन समय अवधिका आधारमा उत्पादनलाई नियमितता दिनेलाई पेन्सनको व्यवस्था मिलाइनेछ ।
- बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ । स्थानीय तहको सहकार्यमा स्थानीय तहमा सम्भाव्यताको आधारमा खेलमैदान, युवाक्लव क्रमिक रुपमा स्थापना गरिनेछ ।
- एक वडा एक कबड हलको नीतिलाई निरन्तरता दिइनेछ ।
- युवा वर्गलाई व्यवसायिक बनाउनका लागि व्यवसायिक रुपमा व्यवसाय/उद्यम गर्नलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- युवाहरुको शारीरिक, मानसिक विकास एवम खेलकुदको विकासको लागि पालिका स्तरिय खेलकुद कार्यक्रम आयोजना गरिनेछ ।
- विद्यालय स्तरमा खेलकुदको विकासका लागि खेलकुद सामाग्री वितरण गरिनेछ ।
- जिल्लास्तरमा खेलकुद मार्फत गाउँपालिकाको पहिचान स्थापना गर्न सहभागिताको लागि बजेट विनियोजन गरिनेछ ।
- वडास्तरीय खेलकुद समिति र गाउँपालिकास्तरिय खेलकुद समितिको गठन र परिचालन गरिनेछ

कालिञ्चोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

- परम्परागतगत पेशालाई प्रवर्धन गरी आधुनिकिकरण गर्दै उत्पादलाई बजार सम्मको पहुँच को व्यवस्था गरी युवालयलाई प्रोत्साहन र सम्मान गर्दै युवा उद्यमको विकास गरिनेछ ।
- राष्ट्रियस्तरको हाइ अल्टिच्युड म्याराथुन दौड सञ्चालन गरिनेछ ।
- वडास्तरिय खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९.सिंचाई तथा नदी नियन्त्रण सम्वन्धि नीति तथा कार्यक्रम

- यस गाउँपालिका क्षेत्रमा सञ्चालित सिंचाई आयोजनाहरुलाई स्तरोन्नती गर्दै नयाँ आयोजना निर्माणको व्यवस्था मिलाइनेछ ।
- एक वडा एक सिंचाइ कार्यक्रम लागू गरिने छ ।
- गुमुखोला तोरीखेत सिंचाइ, पाँडेखोला सिंचाइ, घट्टेखोला सिंचाइ, डम्फा कुसावती फुस्रे पल्लोडाँडा सिंचाइ आयोजनालाई प्राथमिकताका साथ लागू गरिने छ ।

## १०.सरसफाई सम्वन्धि नीति तथा कार्यक्रम

- सफा कालिञ्चोक स्वच्छ कालिञ्चोक अभियान सफल पार्न गाउँपालिका भित्रका बजारहरुमा प्लाष्टिक जन्य पदार्थ नियन्त्रण गर्न थैलो वितरणको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक गाउँ वस्ती सरसफाईका लागि समाजका विभिन्न समूह मार्फत परिचालन गरिनेछ ।
- सिंगटी बजारबाट निस्केका फोहोर व्यवथापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- सिंगटी बजार, कटुवाचौर,कुरी बजारमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
- निकोभूमे, दम्बाखोलामा सार्वजनिक शौचालयको व्यवस्था मिलाइने छ ।

## ११.रोजगारी तथा जिविकोपार्जन सम्वन्धि नीति तथा कार्यक्रम

- गरिबीका रेखामुनि रहेका गाउँपालिकाका परिवारका सदस्यहरुको पहिचान गरी उनीहरुलाई स्थानीय स्तरमा नै प्रयोगमा आउने विभिन्न सिपमूलक तालिम प्रदान गरिनेछ ।
- शैक्षिक वेरोजगारीलाई नागरिक समृद्धि कोषबाट सफ्ट लोनको व्यवस्था गरिने छ ।
- युवा स्वरोजगारको लागि गौरवको आयोजना सञ्चालन गरिनेछ ।
- गरिवीको रेखामुनि रहेका परिवारको दक्षता वृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्युनतम ६ महिनाको रोजगारी सुनिश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गरिवीको रेखामुनि रहेका व्यक्तिहरुका निम्ति अनिवार्य रोजगारी उपलब्ध गराउन रोजगारको प्रत्याभूति गर्न स्थानीय ऐन तर्जुमा गरिनेछ ।
- स्वयसेवा संचालन, क्षमता विकास तथा रोजगारीमुलक तालिम, पुननिर्माण तथा नवनिर्माण मार्फत रोजगार प्रत्याभूति, विभिन्न क्षेत्रमा युवा स्वरोजगार प्रवर्धन उद्यमशिलता सम्वन्धि कार्यलाई प्रभावकारी बनाउन विउपूँजीको व्यवस्था, विभिन्न क्षेत्रमा रोजगारमुलक र व्यवसाय सञ्चालन गरिनेछ ।
- जिविकोपार्जन सम्वन्धि कार्यक्रम बनाई संचालन गरिनेछ ।

## १२.सहकारी सम्वन्धि नीति तथा कार्यक्रम

- एक वडा एक सहकारी अनिवार्य गर्ने , आवश्यकता नभएका वा वडामा धेरै भएका वा संचालनमा नरहेका सहकारीहरुलाई मर्जर गर्ने व्यवस्था गरिनेछ ।
- सहकारीलाई उत्पादनमुलक क्षेत्रमा कर्जा लगानी गर्न प्रोत्साहन गर्ने साथै सहकारीहरुको वार्षिक प्रतिवेदन पेश गर्नको लागि व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको अनुगमन तथा मूल्यांकनको लागि पालिका स्तरिय सहकारी अनुगमन समिति निर्माण गरिनेछ ।

## १३.सामाजिक सुरक्षा सम्वन्धि नीति तथा कार्यक्रम

- जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति र लोपोन्मुख आदीबासी जनजातीलाई हाल राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता लाई व्यवस्थित गर्न बैंक तथा सहकारीको माध्यमद्धारा भुक्तानीको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिक स्वास्थ्यको संवेदनशिलतालाई मध्यनजर गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- अनुभव सिकाई हस्तान्तरण केन्द्र कार्यक्रमलाई निरन्तरता दिदैं बाँकी वडाहरुमा समेत विस्तार गर्दै लगिनेछ । साथै उक्त केन्द्रमा पाठ्य एवम् सांगितिक सामाग्रीको व्यवस्थापन गर्दै लगिनेछ र दैनिक रुपमा चियापानको व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता घर घरमा गएर दिने गत सालको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक कार्डलाई व्यापकता दिइनेछ ।
- पूर्ण अपांगता भएकाहरुलाई व्यक्तिहरुलाई प्रभावकारी ढंगले आवश्यकताको आधारमा अपांगता परिचय पत्र वितरण गरिनेछ ।
- ५० वर्ष नाघेका महिलालाई सामाजिक सुरक्षा भत्ता व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम गरिदैं लगिने छ ।

## १४.महिला सम्वन्धि नीति तथा कार्यक्रम

- विपन्न, एकल र पछाडी पारिएका सबै महिलालाई सिप तथा उद्यमशिलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्व आर्जन मार्फत आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ
- बालविवाह, बहुविवाह, बोक्सी लगायत सबै प्रकारका कुरीतिजन्य प्रथा, अन्धविश्वास, महिला हिंसाको विरुद्धमा सचेतना उभिवृद्धि कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक विकास निर्माण कार्यक्रमको योजना निर्माण देखी अनुगमन मूल्यांकनमा महिला सशक्तिकरण र सहभागिताको सुनिश्चितता गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- लगानी मैत्री वातावरणको शुरुवात गर्ने कार्यक्रम जस्तै: प्राकृतिक श्रोतमा पहुँच अभिवृद्धि, शेयरमा लगानी, विना धितो ऋणको व्यवस्था जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको रोजगारी र आम्दानीमा सुनिश्चितता गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको कार्यवोझ कम गर्ने क्रियाकलाप सञ्चालन गरिनेछ ।
- महिलाको क्षमता विकास गर्ने कार्यक्रमहरु- महिला पुरुष समविकास तालिम, किशोर किशोरीलाई आत्मरक्षा तालिम, युवा महिला र हिंसा प्रभावित महिलाका लागि life skill तालिम ( ६ महिना देखी १ वर्ष सम्म), व्यवसायिक योजना निर्माण (Business plan), प्रस्ताव पत्र लेखन तालिम, उद्यम व्यवसाय सञ्चालन तालिम सञ्चालन गरिनेछ ।
- प्रजनन स्वास्थ्य सम्वन्धि सचेतनामुलक र स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ ।
- महिला हिंसा न्युनिकरण तथा नियन्त्रणका लागु पदार्थ नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालिका शिक्षामा जोड दिदैं बालिकाको कक्षा टिकाउदर बढाउने कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै महिला साक्षरता कार्यक्रमलाई जोड दिदैं आगामी २ वर्षमा निरक्षरतालाई न्यून  गरिनेछ ।
- महिलाको शारीरिक र मानसिक विकासका लागि महिला खेलकुद कार्यक्रम बनाई कार्यन्वयन गरिनेछ ।
- संचारमा महिलाको पहुँच बढाउन रेडियो, पत्रपत्रिका मार्फत **संचारमा महिला कार्यक्रम** सञ्चालन गरिनेछ ।
- मनोसामाजिक विमर्श सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदशिक रोजगारमा गएका परिवारका लागि मनोसामजिक विमर्श कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- हिंसा प्रभावित महिला र किशोरीहरुका लागि सुरक्षित आवास गृह सञ्चालन तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

कालिन्चोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

- महिलाहरुलाई विभिन्न क्षेत्रमा योगदान गरे बापत सम्मान कार्यक्रम गरिनेछ ।
- महिलाको सामाजिक विकास, सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । विभिन्न ठाउँ, वडा, स्थान, क्षेत्र अनुसार विभिन्न किसिमका अभियानहरु ( महिला हिंसा मुक्त, जातिय विभेद मुक्त,) गाउँपालिका ४ वर्षभित्र घोषणा गर्न आवश्यक रणनिति र कार्यनिति बनाई अभियान सञ्चालन गरिनेछ ।
- महिलाहरुको सम्पूर्ण कार्यक्रम परिचालनका लागि प्रत्येक वडामा १ जना सामाजिक परिचालक राख्ने व्यवस्था मिलाइनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण नितिलाई जोड दिनुका साथै सोको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
- बालविवाह , बहुविवाह, महिला हिंसा गर्नेलाई कानून अनुसार कार्वाही गर्ने कार्यलाई जोड दिइनेछ ।

## १५.बालबालिका सम्वन्धि नीति तथा कार्यक्रम

**बालबालिका गाउँपालिकाको आधार, भविष्यको कर्णधार**

- बालमैत्री स्थानीय शासन प्रणाली अनुरुप सबै स्थानीय निकायलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ
- बालविवाह, चाँडो हुने विवाह र जवरजस्ती विवाह विरुद्ध सामाजिक जागरण ल्याउन सचेतनामुलक कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिनेछ ।
- जोखिममा रहेका वालवालिकाहरुका लागि उचित व्यवस्पन गरिने छ ।
- बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा तथा नैतिक विकासको निम्ति उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकामा मजदुर र किसान, अभिभावक विहिन बालबालिकालाई संरक्षणको लागि बालस्याहार केन्द्र सञ्चालन गर्न पहल गरिनेछ ।
- वडास्तरिय बालक्लव र गाउँपालिकास्तरिय बालसञ्जाललाई व्यवस्थापन र सञ्चालन गर्नका साथै उनीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

## १६.अपांगता भएका व्यक्तिहरु सम्वन्धि नीति तथा कार्यक्रम

- अब बन्ने भौतिक संरचनालाई अपाङ्ग मैत्री बनाउँदै लगिनेछ ।
- पूर्ण अपांगता भएका व्यक्तिका लागि पुनर्स्थापना सम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको लागि रोजगारी, उद्यमशिलता तथा स्वरोजगारका अवसर प्राप्त हुने बातावरण सृजना गरिनेछ ।

बिनकुमार थामी
अध्यक्ष

कालिञ्चोक गाउँ कार्यपालिका
सुनखानी, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

- अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण प्रणालीलाई डिजिटाइज्ड गरिनेछ ।
- पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरुलाई सहयोगी सेवा उपलब्ध गराइनेछ ।
- अपांगता भएका व्यक्तिहरुको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

## १७. भु उपयोग सम्वन्धि नीति तथा कार्यक्रम

- एकिकृत सम्पत्ति कर लागू गरिनेछ ।
- अनधिकृत, अनियन्त्रित तथा अव्यवस्थित बस्ती बिकासमा रोक लगाईने नितिलाई निरन्तरता दिइनेछ । असुरक्षित बस्तीलाई सुरक्षित बसोबास हुने गरी बस्ती विकासलाईव्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलमा बनेका टहराहरुलाई करको दायरामा ल्याउन कार्यक्रम ल्याइनेछ ।
- स्थानीय भु उपयोग नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- विपद् जोखिम संवेदनशील भु उपयोग नक्सा, तथ्यांक र भुउपयोग योजना तयार गरिनेछ ।
- नविनतम प्रविधिको प्रयोग गरी नक्सा तथा भौगोलिक सूचनाहरु तयार तथा अद्यावधिक गरिनेछ ।
- प्राकृतिक स्रोतहरुद्धारा प्राप्त कर गाउँपालिकामा शोध भर्ना गरिनु पर्ने र नबुझाएमा वडाले पाउने रकमबाट कटाइने नीति ल्याइनेछ ।
- सुकुम्बासीको व्यवस्थापनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राजस्व उठ्ने क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राकृतिक श्रोत भएको क्षेत्रमा आवश्यक  नीतिको तय र सार्वजनिक क्षेत्र निर्धारण गरिने छ ।

## १८. जलउत्पन्न प्रकोप व्यवस्थापन नीति तथा कार्यक्रम

- तामाकोशी, सोरुङखोला , भद्रावती खोला, सुन्द्रावती खोला नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- रिमोट सेन्सिङ (साईरन) पूर्व सूचना प्रणाली र जोखिम नक्सा तथा बाढी विश्लेषणजस्ता विधिहरुको प्रयोग गरी विपद्को जोखिमलाई नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गरी विपद् जोखिम न्युनिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

बिनकुमार थामी

कालिन्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला

- नदी किनारामा अवस्थित बस्ती, खेतीयोग्य टार, सार्वजनिक महत्वका स्थान र राष्ट्रिय महत्वका पूर्वाधार संरचनाहरुको संरक्षणका लागि बस्ती, टार तथा बजार संरक्षण गरिनेछ ।

## १९.खाद्य सुरक्षा तथा खाद्य पोषण सम्वन्धि नीति तथा कार्यक्रम

- स्थानीय खाद्यान्न आवश्यकताको अनुपातमा खाद्यान्न भण्डारण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- खाद्य बस्तुको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाइनेछ ।
- सिमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूहगत समूह र सहकारीमा आवद्ध गराई करार खेती गर्न प्रोत्साहित गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- खाद्य जोखिम क्षेत्रमा उत्पादन हुने स्थानीय बालीनालीका प्रजातीको संरक्षण तथा संवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

## २०.संस्कृति सम्वन्धि नीति तथा कार्यक्रम

- गाउँपालिका भित्र रहेका  गुमुखोला , धमिरेखोला , भद्रावती घाट गोठपानी पैरीघाट लगायत क्रियापूत्रि पितृ स्थान ऐतिहासिक महत्व बोकेका मठ मन्दिर, गुम्बा, पाटीपौवा आदीको मर्मत सम्भार एवम् प्रवर्धन गर्दै लगिनेछ ।
- कालिञ्चोक गाउँपालिकामा रहेका विभिन्न सस्कृतीलाई संरक्षण र प्रोत्साहन गरिदै लगिनेछ ।
- थामी संग्रहालय स्थापना गर्न गुरुयोजना बनाई लागु गरिनेछ ।
- स्रष्टाहरुको सिर्जनाको उचित सम्मान र कदर गर्न विशेष कार्यक्रम  आयोजना गरिनेछ ।
- गौरीशंकर सस्कृति ग्रामलाई निर्माण गर्न कार्य अगाडी बढाईनेछ ।

## २१. बन तथा वातावरण, विपद् यवस्थापन सम्वन्धि नीति तथा कार्यक्रम

### जहाँ वन त्यहाँ व्यवस्थापन, जहाँ बाँझो त्यहाँ वृक्षारोपण

- बन व्यवस्थापनलाई बैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दवैलाई प्राथमिकता दिइनेछ ।
- प्रत्येक वडामा बाँझो, पर्ति, नदी किनार र खस्केको जमिनमा ९० हजार र १० हजार सडक किनारामा विरुवा वृक्षारोपणको व्यवस्था मिलाइनेछ ।
- पालिकास्तरिय एक नर्सरीको व्यवस्था गरिनेछ । वातावरण संरक्षण र व्यवस्थापन, भुक्षय नियन्त्रण र नदी मुहान तथा किनारा संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ ।
- वन तथा वहुमुल्य जडीबुटी लगायतका बनपैदावरहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।

विनकुमार थामी
अध्यक्ष

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला
३ नं. प्रदेश, नेपाल
२०७३

- लघु उद्यमको विकास एवम् विस्तारका लागि युवा लक्षित उद्योग स्थापना एवम् विस्तारको व्यवस्था मिलाइनेछ ।
- सडक विस्तार गरिएको स्थानमा वृक्षारोपण कार्यक्रम ल्याइनेछ ।
- ग्याविन जाली भरी माटो तथा वातावरण संरक्षणका क्रियाकलाप संचालन गरिनेछ ।
- आल्चा (खुर्पानी) को व्यवसायिक उत्पादन बढाई जाम उद्योगको रुपमा विकास गरिनेछ ।
- विपद् जोखिम न्युनिकरण र व्यवस्थापन गर्न संगठन विस्तार र परिचालन, व्यक्तिगत तथा संस्थागत क्षमता विकास, कोषको व्यवस्थापन र सञ्चालन, पूर्वतयारी, पुननिर्माण, पुनस्थापना, अल्पिकरणका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तन न्युनिकरण तथा अनुकुलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अणेडाँडा पिकनिक पार्क वडा नं. ९ निर्माण गर्दै लगिने ।
- घ्याङडाँडा डाँफे पार्क डि.पि.आर. तयार गर्ने ।
- गोल्माथान मन्दिर स्थापना तथा भ्युटावर निर्माण ।
- वडा नं. २ मा भ्युटावरलाई पिकनिक निर्माणको काम अगाडी बढाईने छ ।

## २२.न्याय व्यवस्था तथा सम्पादन सम्वन्धि निति तथा कार्यक्रम

### नागरिकलाई गाउँपालिकाको पहिचान, निःशुल्क कानूनी सहायता अभियान

- न्याय सम्पादन समितिलाई जनताको सहज पहुँच, पारदर्शी, सहज र सुलभ बनाउन सम्पादन समितिलाई व्यवस्थित गरिदै लगिनेछ । यसका लागि कर्मचारीको व्यवस्था गरिनेछ ।
- सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच कायम गरिनेछ ।
- कानूनी साक्षरता कार्यक्रम वडा तहमा कानून विज्ञहरुको संलग्नतामा संचालन गरिनेछ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थापन गर्दै लगिने छ ।

## २३. उर्जा विकास सम्वन्धि नीति तथा कार्यक्रम

- यस गाउँपालिका क्षेत्रको मुख्य बजार क्षेत्रमा सौर्य बिद्युतीकरणको व्यवस्था मिलाइनेछ ।
- वडा नं. १, २, ४, ५ र ६ मा उज्यालो कालिञ्चोक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरीय लघु जलविद्युत आयोजनाहरुलाई केन्द्रीय प्रसारण लाइनमा जोड्दै लगिने छ ।

विनकुमार थामी
अध्यक्ष

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला
३ नं. प्रदेश, नेपाल
२०७३

## २४.अतिसिमान्तकृत तथा सिमान्तकृत जाती/जनजाती सम्वन्धि नीति तथा कार्यक्रम

- लोपोन्मुख, अतिसिमान्तकृत तथा सिमान्तकृत जाती, आदीबासी जनजातीका युवाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अगाडी ल्याइनेछ ।
- लोपोन्मुख, अतिसिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातीको लागि रोजगारी तथा स्वरोजगारीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लोपोन्मुख, अतिसिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातीको भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन गरिनेछ ।
- समुदायको शैक्षिक स्तर वृद्धि गर्न आवश्यकतामा आधारित दिवाखाजाको व्यवस्था गरिनेछ ।

## २५.सूचना तथा संचार सम्वन्धि नीति तथा कार्यक्रम

- सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवा तथा आर्थिक, सामाजिक गतिविधिहरुमा डिजिटल गाउँपालिकाको अवधारणालाई निरन्तरता दिइनेछ ।
- विज्ञान शिक्षालाई व्यवहारिक र रुचिकर तुल्याउन सबै विद्यालयहरुमा विज्ञान प्रयोगशाला बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक सेवा अनलाइनबाट प्रदान गरिनेछ ।

## २६.मावव श्रोत साधन व्यवस्थापन सम्वन्धि नीति तथा कार्यक्रम

- वडाहरुमा दरबन्दी अनुसारको मानव श्रोत साधनको व्यवस्थापनलाई पहिलो प्राथमिकता दिइनेछ
- गाउँपालिकाका सदस्यहरु तथा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम ल्याइने छ ।
- प्रत्येक वडाहरुको कार्यालयको कार्यसम्पादन कम्प्युटर पद्धति मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

## २७. सामुदायिक तथा गैरसरकारी संस्थाहरु सम्वन्धि निति तथा कार्यक्रम

- मानव विकास सूचकांक पछाडी परेको क्षेत्र, लक्षित समुह, सिमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तिकरण, जिविकाको प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, विपद् पछिको नवनिर्माण तथा पुननिर्माण जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरु परिचालन गरिनेछ
- सबै गैरसरकारी क्षेत्रलाई एकद्धार प्रणाली मार्फत संचालनमा ल्याइनेछ ।

बिनकुमार थामी
अध्यक्ष

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला
३ नं. प्रदेश, नेपाल

- गैरसरकारी संस्थाका क्रियाकलापहरुमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न योजन निर्माणदेखी कार्यान्वयनसम्मका सबै चरणहरुमा स्थानीय सरोकारवाला तथा स्थानीय निकायको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गरिनेछ ।

- गैरसरकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धमा सार्वजनिक लेखापरिक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

- गैरसरकारी संस्थाहरुको कार्यमा थप पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न आचारसंहित निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

- सबै वर्गका लागि न्यायोचित कार्यक्रम सञ्चालन गरिनेछ ।

बिनकुमार थामी
अध्यक्ष

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा जिल्ला
३ नं. प्रदेश, नेपाल
२०७३